# नेपाली बाइबल करेस्पण्डेन्स इन्सटिट्यूट
## चेला बनाओ!
### बाइबल शिक्षाक्रम

# पाठ ८
## प्रभुमा हामी कसरी रहिरहनुपर्छ?

(तल दिइएका मुख्य पदहरू कण्ठस्थ गर्नुहोस्।)

**''यसकारण जसरी तिमीहरूले ख्रीष्ट येशूलाई अर्थात् प्रभुलाई ग्रहण गरेका छौ, त्यसरी नै उहाँमा हिँड़; उहाँमा जरा हाल्दै र बनिँदै गएर र जसरी तिमीहरूले शिक्षा पाएका छौ, त्यसरी नै विश्वासमा धन्यवादले प्रशस्त भएर त्यसमा स्थिर होइजाओ।'' कलस्सी २:६-७**

केही समयअघि मेरो घरको छेउमा एउटा मेवाको बोट उम्रियो। फलको आशा राखी मैले यस बिरुवालाई खूबै स्याहारें। त्यो मेवा निक्कै बढ्यो, र म खुशी भए। तर एक दिन मेवाका पातहरू पहेंला हुन थाले। पछि छिटै यो बोट ओइलियो र यसका पातहरू एक-एक गरी झरे। अन्तमा मेवाको बोट मरेछ। मलाई दु:ख लाग्यो; किनभने मैले यसका फल खान पाइनँ। यो बोट किन यति छिटो मऱ्यो? यसको कारण पत्ता लगाउन खोज्दै मैले यस बोटलाई नियालेर हेरें, अनि यसका जम्मै जराहरू कुहेका रहेछन् भनी थाह पाएँ। ठीक त्यस्तै म धेरै मानिसहरूलाई चिन्छु, जसले खुशीसाथ प्रभु येशूलाई ग्रहण गरेका थिए; तर केही समयपछि तिनीहरूको विश्वास सेलायो। उनीहरूले प्रभु येशूमा रहनुपर्छ र विश्वासमा झन् गहिरिँदै जानुपर्छ भन्ने कुरामा ख्याल राखेनन्। विश्वासमा शुरु गर्न सजिलो छ, तर अन्तसम्म स्थिर रहनुचाहिँ गाह्रो छ। यसैकारण हामी परमेश्वरको वचनमा बढ़ी ध्यान लगाउनैपर्छ र प्रभुको शिक्षा राम्ररी बुझ्नुपर्छ, नत्रभने हामी पनि कहीं कुनै समयमा विश्वासबाट पछि हट्नेछौं। हामीले प्रभु येशूलाई ग्रहण मात्र गर्न पुग्दैन; तर उहाँलाई प्रभु र मुक्तिदाताको रूपमा ग्रहण गरेपछि हामीले उहाँमा हाम्रो विश्वासका जरा हाल्दै र उहाँमा बनिरहँदै विश्वासमा स्थिर हुनुपर्छ। यस समबन्धमा परमेश्वरको वचनबाट शिक्षा दिएर यस पाठले तपाईंलाई विश्वासमा स्थिर रहनको निम्ति सहायता गरोस्।

### क - विश्वासको जरा    लूका ८:४-१५, मत्ति १३:२०-२१, मर्कूस ४:१७

**''चट्टानमाथि परेकाहरूचाहिँ यी हुन्, जसले जब सुन्छन्, तब खुशीसाथ वचन ग्रहण गर्छन्; अनि तिनीहरूको जरा हुँदैन, जसले थोरै समयको निम्ति विश्वास गर्छन् र परीक्षाको समयमा पछि हट्छन्।'' लूका ८:१३**

**''तर असल जमिनमा परेकाहरूचाहिँ ती हुन्, जसले वचन सुनेर त्यसलाई भलो र असल हृदयमा सम्हालिराख्छन् र धीरजसँग फल फलाउँछन्।'' लूका ८:१५**

सबै मानिसहरू बराबर हुँदैनन्। बिउ छर्नेको उखानद्वारा प्रभु येशूले आत्मिक दृष्टिमा चार किसिमका मानिसहरूको बारेमा शिक्षा दिनुभयो। यी चार किसिमका मानिसहरू सबैले परमेश्वरको वचन सुन्छन्, तर उनीहरू सबैमा यो वचनले फल ल्याउन सक्दैन। पहिलो मानिसले वचन त सुन्छ, तर बुझ्दैन। यसकारण शैतानले त्यसको हृदयबाट वचन लैजान्छ। दोस्रो मानिसले वचनलाई खुशीसाथ ग्रहण गर्छ, तर केही समयपछि त्यो विश्वासबाट हट्छ। तेस्रो किसिमको मानिसले फिक्री गरेर र संसारको अभिलाषालाई मनमा ठाउँ दिएर वचनलाई निसास्याउँछ, र वचन उसको जीवनमा फलहीन बन्दछ। चौथो मानिसले मात्र परमेश्वरको निम्ति फल फलाउँछ। किन होला? वचनले के भन्दछ? लूका ८:१५ पद हेर्नुहोला! उसले वचनलाई हृदयमा ग्रहण गर्छ र त्यहीं राखिछोड्छ। उसको हृदय अरूको भन्दा फरक छ। त्यसलाई भलो र असल हृदय भनिएको छ। यसैले ऊ धीरजसँग फल फलाउँछ। दोस्रो व्यक्तिमा फेरि एक पल्ट ध्यान लगाऔं। त्यो मानिस किन थोरै समयसम्म मात्र विश्वास गर्‍यो? परीक्षाको समयमा त्यो किन पछि हट्यो? त्यसको हृदयमा के कमी देखिन्छ? त्यसमा जरा नभएको कुरा बताइएको छ। हो, विश्वासको जरा नभएको हरेक मानिस यस्तै हुन्छ। त्यसले शंका गर्न थाल्छ, आफ्नो हृदयलाई कठोर पार्छ र वचनमा ठेस खान्छ। तर पछि नहट्नलाई हामीले आफ्नो हृदयमा वचनलाई झन् बढ़ी ठाउँ दिनुपर्छ।

**अ) मत्ती ३:७-१०**

जतिजना प्रभु येशूको नाममा पानीको बप्तिस्मा लिएर बाहिरी रूपले मात्र ख्रीष्टको चेला भए, तिनीहरूलाई परमेश्वर आफूले हटाउनुहुन्छ। यस कुरामा होसियार हुनु खाँचो छ। हामीले मानिसहरूलाई ठग्न सक्छौं, तर सत्य परमेश्वरलाई भने छल्न सकिँदैन। यही कारणले परमेश्वरको वक्ताले आफैमा भरोसा गर्ने र आफूलाई धर्मी सम्झने मानिसहरूलाई भन्दछन्: 'पश्चात्ताप लायकको फल फलाओ, किनभने बन्चारो रूखको जरामा राखिसकेको छ ! असल फल नफलाउने हरेक रूख काटिन्छ र आगोभित्र फालिन्छ।' आफ्ना सबै पापदेखि हामीले साँचो गरी पश्चात्ताप गर्नुपर्छ।

**आ) यर्मिया १७:४-८**

कुन मानिस श्रापित हो? मानिसमा भरोसा गर्ने व्यक्ति नै परमेश्वरको दृष्टिले श्रापमा परेको छ। जसले आफूमा र आफ्नो बलमा भर पर्छ, त्यसले परमेश्वरलाई छोड़िसकेको हुन्छ। त्यसको हृदय परमेश्वरबाट टाढ़ा पुगिसक्यो। १७:४ पदअनुसार परमेश्वरको रिसको आगो सल्काउने मानिस यो हो। तर परमेश्वरको दृष्टिमा कुन मानिस आशिषित हुन्छ? जसले परमप्रभुमाथि भरोसा राख्छ र जसको आशा परमेश्वर नै हुनुहुन्छ, त्यो मानिस धन्यको हो। त्यो मानिस केजस्तो हुन्छ? त्यो नदीको छेउमा रोपेको रूखजस्तै छ। त्यसका जराहरू खोलाको किनारमा फैलिएका छन्। घाम लाग्दा वा खड़ेरी पर्दा त्यसले फिक्री गर्नुपर्दैन, त्यसका पातहरू हरियाभरिया रहन्छन् र त्यसले फल फलाउन छोड्दैन। के तपाईंले देख्नुभयो? परमेश्वरमा भरोसा गरेर र उहाँमा आशा राखेर विश्वासको जरा बलियो हुन्छ। तपाईंले प्रभु येशूमाथि विश्वास गरेर मुक्ति पाउनुभयो। अब जसरी तपाईंले प्रभुलाई ग्रहण गर्नुभयो, त्यसरी नै सम्पूर्ण जीवनभरि नै सबै कुराहरूको निम्ति उहाँमा भरोसा राख्नुहोस् र उहाँमा सधैं आशा गर्नुहोस्।

**इ) भजनसंग्रह १:१-३**

परमेश्वरको वचनको यही खण्ड कण्ठस्थ गर्नुहोला। यहाँ परमेश्वरको वचनमा ध्यान लगाउने अर्थात् परमप्रभुमाथि भरोसा राख्ने मानिसलाई एउटा नदीको छेउमा रोपेको रूखसित तुलना गरिएको हामी पाउँछौं। त्यसले ठीक समयमा फल दिन्छ; त्यसका पातहरू कहिल्यै ओइलाउँदैनन्; त्यो सबै काममा

सफल हुन्छ। धेरै मानिसहरू आफ्नो काममा सफल हुन माग्छन्, तर परमेश्वरको वचन पालन गर्न मान्दैनन्। उनीहरूको जरा संसारमा, आफ्ना साथीहरू, आफन्तहरू र समाजमा हालेका छन्। यसकारण उनीहरूले आत्मिक दृष्टिले बढ्दैनन्, झन् संसारतिर फर्किन्छन्। तर यसरी विश्वासमा बढ्न सकिँदैन। तपाईंले दुईटा कुरामा एकैचोटि मन लगाउन सक्नुहुन्न। तपाईं दुष्टहरूको सँगतमा रहेर, पापीहरूको चलनअनुसार हिँड़ेर वा परमेश्वरको डर नराख्ने, तर उहाँलाई निन्दा गर्नेहरूसँग लागेर विश्वासमा बलियो हुन सक्नुहुन्न। यस्ताहरूबाट अलग रहनु तपाईंको निम्ति परमेश्वरको इच्छा हो। यसकारण परमेश्वरको आज्ञा पालन गरेर उनीहरूको सँगतबाट निस्कनुहोस्। तब तपाईंको विश्वासको जरा प्रभुमा र उहाँको प्रेममा गाड़ेर जान सक्छ र तपाईंको जीवन परमेश्वरको महिमाको निम्ति फल फलाउँछ।

### ई) हितोपदेश १२:३ र १२

असल मानिसले आफ्ना जरा परमेश्वरमा र उहाँको वचनमा गाड़ेको हुन्छ। यसैले ऊ स्थिर रहन्छ; उसलाई हल्लाउन सकिँदैन। झन् बढ्ता गरी धर्मी मानिसको जराले समयमा फल दिन्छ।

### उ) यहूदा १२

विश्वासबाट हट्ने मानिसलाई विचार गर्नुहोस्। त्यो दुईचोटि मरेको रूखजस्तो हुन्छ। एक त त्यसको फल छैन र पातहरू झरेका छन्; त्यसका जराहरू पनि उखालिएका छन्। यस्तो जीवनबाट के लाभ हुन्छ? यो त आगोको लागि मात्र पर्याप्त हो।

### ऊ) हिब्रू ३:१२-१४

यसो हो भने के हामी होसियार हुनुपर्दैन र? के हामीमा एउटा खराब हृदय - परमेश्वरबाट टाढ़ा जान खोज्ने, अविश्वासले भरेको मन छ? के पापले हामीलाई छल गर्‍यो र हाम्रो हृदयलाई कठोर बनाउन सक्यो? दुईपल्ट मरेको रूखलाई सम्झनुहोस्। के एक दिन तपाईंको आत्मिक हालत यस्तै हुन्छ? कि के दिनहुँ परमेश्वरको सँगतमा रहेर तपाईंले उहाँको अमूल्य वचनबाट अर्ती पाउनुहुन्छ? तपाईंले प्रभु येशूको सँगतमा रहन सिक्नुहोस्, र तपाईंको जीवनले परमेश्वरको निम्ति धेरै फल फलाउनेछ।

## ख - प्रभु येशूसित मेरो सम्बन्ध — यूहन्ना १५:१-१७

प्रभु येशूसित हाम्रो सम्बन्ध कस्तो हुनुपर्छ भन्ने कुरा हामी उहाँकै मुखको वचनलाई अध्ययन गरेर थाह पाउँछौं। यूहन्नाले लेखेको प्रभु येशूको सुसमाचारको पुस्तकमा हामीले यो कुरा एकपल्ट अध्ययन गरिसक्यौं। तपाईंको सहायताको निम्ति त्यहाँ फेरि एकचोटि हेरेर आफ्नो सम्झना जगाउनुहोस्। यहाँ हामी त्यसका मुख्य बुँदाहरूमा मात्र ध्यान लगाउँछौं।

**यूहन्ना १५:१-२** - प्रभु येशूलाई मान्नेहरूमध्ये दुई थरिका चेलाहरू हुन्छन्: फल फलाउने र फल नफलाउनेहरू। फल नदिनेलाई परमेश्वरले नै हटाउनुहुन्छ। फल फलाउनेलाई झन् बढ़ी फल दिनको निम्ति परमेश्वरले सुधार गर्ने अर्थात् अनुशासन गर्ने काम गर्नुहुन्छ। (खण्ड 'घ' मा हामी यसको विषयमा अझ अध्ययन गर्नेछौं)

**यूहन्ना १५:३-४** - प्रभु येशूको वचनमा विश्वास गरेर हामी उहाँमा एक हाँगाझैं भयौं। अब प्रभुको हाँगा भईकन हाम्रो निम्ति प्रभुको आज्ञा स्पष्ट छ: 'ममा रहो!' यसको अर्थ के हो भने हामीले प्रभु येशूमाथि विश्वास गर्‍यौं, अब हामी विश्वासमा रहिरहनुपर्छ। यदि

हामी प्रभुमा रहन्छौं, तब उहाँ हामीमा रहनुहुन्छ। हामी प्रभुको आत्मा र जीवन दिने सामर्थ्यलाई दिनप्रतिदिन अनुभव गर्छौं। प्रभुसित यस सम्बन्धमा रहीकन हामीले परमेश्वरको महिमाको निम्ति फल फलाउँछौं। प्रभुदेखि हट्ने मानिसले आफ्नो शक्तिले कुनै आत्मिक फल दिन सक्दैन।

**यूहन्ना १५:५-६** – जो प्रभुमा रहन्छ, उसैले धेरै फल फलाउँछ। फलले प्रभु येशू उसको साथमा हुनुहुन्छ भन्ने प्रमाण दिन्छ; किनभने प्रभु येशूबाट अलग रहेर हामीले कुनै फल दिन सक्दै सक्दैनौं। प्रभुमा नरहने अर्थात् विश्वासबाट हट्ने मानिसलाई परमेश्वर आफूले हटाउनुहुन्छ। त्यो बाहिर फ्याँकिन्छ र सुक्छ। त्यसको अन्त आगोमा छ।

**यूहन्ना १५:७-८** – प्रभु येशूसँग हाम्रो विश्वासको सम्बन्ध ठीक छ भने हामी परमेश्वरको वचनलाई आफ्नो मनमा ठाउँ दिन्छौं। परमेश्वरको इच्छाअनुसार चल्ने मानिसले प्रार्थना गर्छ र त्यसको उत्तर पनि पाउँछ। यसरी नै प्रभुसँगको नजिकको सँगतमा रहेर उसको जीवनले परमेश्वरको महिमाको लागि धेरै फल फलाउँछ र प्रभु येशूको साँचो चेलाको प्रमाण दिन्छ। फल के हो भनी कसैले सोध्यो भने यहाँ यसको जवाफ छः जसरी अङ्गुरको फलले रूखको गुणलाई प्रकट गर्छ, त्यसरी नै हाम्रा असल कामहरू, जो प्रभुले हामीलाई गर्नको निम्ति दिनुहुन्छ, प्रभु येशूको महिमा प्रकट गर्छन्। परमेश्वरको आत्माको गुण पनि कामहरूबाट प्रकट हुन्छ। गलाती ५:२२-२३ पढ्नुहोस् र हाम्रो जीवनमा फल्नुपर्ने गुणहरूको ज्ञान लिनुहोस्।

**यूहन्ना १५:९-१२** – प्रभु येशूले हामीलाई प्रेम गर्नुभयो। यस प्रेममा रहेर हामीले उहाँका आज्ञाहरू पालन गर्छौं र परमेश्वरको आनन्दलाई पूरा अनुभव गर्न पाउँछौं। उहाँको आज्ञा यही हो: 'जसरी मैले तिमीहरूलाई प्रेम गरेको छु, त्यसरी नै एक-अर्कोलाई प्रेम गर।' यदि हामीले प्रभु येशूको प्रेमको अनुभव गरेका छैनौं भने हामीले उहाँका आज्ञाहरू कसरी पालन गर्न सक्छौं त?

**यूहन्ना १५:१३-१५** – प्रभु येशूको ठूलो प्रेम बुझ्नुहोस्। उहाँले तपाईंको निम्ति आफ्नो प्राण दिनुभयो। उहाँ तपाईंका पापको निम्ति क्रूसमा मर्नुभयो। यसभन्दा ठूलो प्रेम संसारमा पाइँदैन। त्यही प्रेमी प्रभुमाथि विश्वास गरेर तपाईंले मुक्ति पाउनुभयो। तब के हामी उहाँको साथमा रहेर आज्ञाकारी हुन नसिकौं? उहाँले हामीलाई दास वा नोकरजस्तो राख्नुहुन्न, तर मित्रसँग झैं सँगत गर्न चाहनुहुन्छ। यसले गर्दा उहाँले हामीलाई यही सँगतमा परमेश्वरको इच्छा थाह गराउनुहुन्छ।

**यूहन्ना १५:१६-१७** – प्रभु येशूले हामीलाई चुन्नुभयो। तब उहाँको चेला हुनेको उद्देश्य के हो? हामी यस संसारमा उहाँका साक्षी बन्नैपर्छ। 'जाओ र फल फलाओ' को अर्थ यही हो। हामीले मुखले मात्र होइन, तर कामहरूद्वारा परमेश्वरको महिमा गर्नुपर्दछ। परमेश्वरको इच्छाअनुसार गरेका कामहरू मात्र रहिरहन्छन् भन्ने कुरा जानेर हामीले उहाँको सिद्ध इच्छा के हो, सो पत्ता लगाउनुपर्छ। प्रार्थनामा हाम्रो बल हुन्छ। प्रार्थनाद्वारा हामीले परमेश्वरको आशिष पाउँछौं। तब आजभोलिका ख्रीष्टका चेलाहरू किन प्रार्थना गर्न अल्छी गर्छन् त? प्रभु येशूले हामीलाई आफ्नो नाममा ठूलो अधिकार दिनुभयो। यसैले हामी येशूको नाममा परमेश्वरको ठूलो महिमा गर्न पाऔं भनी मागौं, साथै आपसमा साँचो प्रेमले एक-अर्कालाई प्रेम गरौं। यसैमा प्रभु खुशी हुनुहुन्छ।

## ग – अविश्वासीहरूसँगको मेरो सम्बन्ध २ कोरिन्थी ६:१४–१८

**''असमान भएर तिमीहरू अविश्वासीहरूसँग एउटा जुवामा नजोतिओ!'' २ कोरिन्थी ६:१४**

यहाँ अब हामीलाई एउटा महत्वपूर्ण कुरामा ध्यान लगाउनु खाँचो पर्‍यो। प्रभु येशूसँग नजिकको सम्बन्ध राखेर हामी संसारबाट अलग रहनुपर्छ। जब कुनै मानिसले एउटा गोरु र एउटा राँगा लिएर हलो जोत्छ, त्यो कति नमल्दिो देखिन्छ। तब ख्रीष्टको चेलाले आफूलाई अविश्वासीसँग एउटा जुवामनि हालेर एक बनाउँछ, यो कति असमान अर्थात् नमिल्ने कुरा हो। यसको अर्थ बुझ्नलाई परमेश्वरको वचनले हामीलाई छओटा उदहारण दिन्छ। यो कुरा बुझेर हामी ठीक किसिमले संसारबाट अलग रहेर एक पवित्र, परमेश्वरलाई मनपर्दो जीवन बिताउन सक्छौं।

### अ) अधर्मसँग धार्मिकताको के सँगति छ?

जब हामी प्रभु येशूमाथि विश्वास गर्छौं, तब हामी पापबाट मुक्त हुन्छौं। अब उसो पापको निम्ति हामी जिउँदैनौं, तर परमेश्वरको इच्छा पालन गर्न चाहन्छौं। बितेको समयमा हामीले आफ्नो खुशी गर्‍यौं र पापको अभिलाषाहरू पूरा गर्थ्यौं भने त्यो पर्याप्त भयो। अब हामी अविश्वासीहरूसँग लाग्दैनौं; त्यो कुरा तिनीहरूलाई अनौठो लाग्छ र तिनीहरूले हामीलाई निन्दा गर्छन्। यस्तो व्यवहार हामीले सहनैपर्छ र पाप गर्न चाहनेहरूसित मिल्नुहुँदैन।

### आ) अन्धकारसँग ज्योतिको के सहभागिता छ?

अविश्वासी मानिसले आफ्नो पाप लुकाउन खोज्छ। तर हामी जो परमेश्वरतिर फर्केका छौं, हामी ज्योतिका सन्तान भयौं। ज्योतिमा हिँड़ेर हामी परमेश्वरको सँगतिमा रहन्छौं र पापको क्षमा पाउँछौं। १ यूहन्ना १:५, ७ र ९ पद हाम्रो जीवनमा सत्य ठहरिन्छ। हामीले प्रभुको सामु हाम्रो पाप मानिलिन्छौं र प्रभु येशूको रगतले हामीलाई सबै अधर्मबाट शुद्ध पार्छ। यो हाम्रो दैनिक अनुभव हो। तब अन्धकारसँग हाम्रो के सहभागिता हुन सक्छ? यस्ता अन्धकारका निष्फल कामहरूसँग केही सम्बन्ध रहँदैन, तर हामीले गुप्तमा गरिएका कुराहरूको दोष प्रकट गर्छौं। अरूले यो कुरा मन परोस् कि मन नपरोस्। परमेश्वरको इच्छा–अनुसार चल्ने मानिसको भाग यही हो।

### इ) बेलियालसँग ख्रीष्टको के एकता छ?

बेलियाल भन्नाले निकम्मा मानिस बुझिन्छ। यस्तो मानिसले म परमेश्वरलाई चिन्छु भनी दाबी गर्छ, तर आफ्ना कामहरूद्वारा उहाँलाई इन्कार गर्छ। आजभोलि यस्ताहरू धेरै छन्। तिनीहरूले शर्मलाग्दो काम गर्छन्, अनाज्ञाकारी हुन्छन् र कुनै असल काम गर्न जान्दैनन्। अनि के हामी यस्ताहरूसँग मिल्न सक्छौं? कसरी? जो परमेश्वरको लागि निकम्मा हुन्छ, त्यो हाम्रो लागि पनि निकम्मा हुनुपर्छ। जब हामीले कुनै मानिसलाई प्रभुको पछि नलागेको, तर त्यसको नकल मात्र गरेको थाह गर्छौं, तब हामी त्यस व्यक्तिबाट अलग रहनुपर्छ।

### ई) अविश्वासीसँग विश्वासीको के हिस्सा छ?

अविश्वासीको भाग यस संसारमा पर्छ। तर हामी विश्वासीहरूको हिस्सा परमेश्वरको राज्य हो। अविश्वासीले अहिले मोज गर्छ, तर हामी अनन्त जीवनको आशा राखी अहिलेको युगमा अनेक कष्ट सहन्छौं। यस जीवनको निम्ति मात्र हामीले ख्रीष्टमा आशा राखेका भए हामी कति अभागी मानिस हुनेथियौं। यसो हो भने अविश्वासीहरूसँग बाँड़चुड़ गर्ने के काम रह्यो त? उनीहरूका पर्व,

रीति, चलनहरूबाट अलग बसौं, र उनीहरूका मीठा-मीठा भोजनहरूको चाह नगरौं। आओ, हामी समाज- बाहिर उहाँको निन्दा बोकौं, किनभने यहाँ हाम्रो हिस्सा छैन; हाम्रो घर स्वर्ग हो।

**उ) मूर्तिहरूसँग परमेश्वरको मन्दिरको के सम्बन्ध छ?**

परमेश्वरले मूर्तिहरूलाई घृणा गर्नुहुन्छ। जसले मूर्तिहरू मान्दछ, त्यसले परमेश्वरको दृष्टिमा पाप गर्छ; किनभने मूर्तिहरू झूट हुन्। ती मानिसको कल्पनाअनुसारका वस्तुहरू मात्र हुन्। हाम्रो परमेश्वर डाहा गर्ने परमेश्वर हुनुहुन्छ, र आफूले पाउनुपर्ने महिमा अरू कसैलाई दिइएको सहनुहुन्न। तब के हामी मानिसलाई खुशी पारेर परमेश्वरको रिस उठाऔं। कदापि होइन; तर हामी मूर्तिहरूबाट र मूर्तिहरूलाई चढ़ाइएको प्रसादबाट अलग रहौं। जुन कुरा मानिसहरूले मूर्तिलाई चढ़ाउँछन्, त्यो तिनीहरूले परमेश्वरलाई होइन, तर दुष्ट आत्माहरूलाई चढ़ाउँछन्। यसैले दुष्ट आत्मासित सहभागी हुनुहुँदैन। परमेश्वरको पवित्र आत्मा हामीभित्र वास गर्नुभएको दिनदेखि हामी विश्वासीहरूचाहिँ जीवित परमेश्वरको साँचो मन्दिर भयौं। हाम्रो शरीर परमेश्वरको पवित्र आत्माको मन्दिर भएको हुनाले हामीले आफ्नो शरीर र आत्मासित उहाँको महिमा गर्नुपर्छ।

हामीले २ कोरिन्थी ६:१७ पदमा दिइएको परमेश्वरको आज्ञा पालन गरौं: ***''यसकारण तिनीहरूको बीचबाट निस्केर आओ,'' प्रभु भन्नुहुन्छ, ''अनि अशुद्ध कुरा नछोओ, र म तिमीहरूलाई ग्रहण गर्नेछु।''*** यी कुराहरू बुझ्न र ख्याल राख्नलाई परमेश्वरले तपाईंलाई सहायता दिऊन्।

## घ - प्रभुको अनुशासन हिब्रू १२:५-११

**(तल दिइएको मुख्य पद कण्ठस्थ गर्नुहोस्।)**

**''हे मेरा छोरा, प्रभुको ताड़नालाई तुच्छ नठान, उहाँको हप्की पाउँदा हताश नहोऊ; किनभने एउटा बुवाले आफूले प्यार गरेको छोरालाई जस्तो ताड़ना दिन्छ, त्यस्तै प्रभुले उसैलाई ताड़ना दिनुहुन्छ, जसलाई उहाँले प्रेम गर्नुहुन्छ।'' हितोपदेश ३:११-१२**

जतिले प्रभु येशूमाथि विश्वास गरेर उहाँलाई प्रभु र मुक्तिदाताको रूपमा ग्रहण गरे, उहाँले तिनीहरूलाई परमेश्वरको सन्तान हुने अधिकार दिनुभयो। परमेश्वरले हामीलाई हाम्रा सबै अधर्महरू क्षमा गर्नुभयो, आफ्नो अमूल्य रगतले हाम्रो मन शुद्ध पार्नुभयो र हामीभित्र आफ्नो पवित्र आत्मा हालिदिनुभयो। यसकारण अब हामीले उहाँलाई 'हे पिता' भनी पुकार्छौं। परमेश्वरका छोराछोरी भएपछि हामीले उहाँलाई सधैं र हरेक कुरामा खुशी पार्न सिक्नुपर्छ। किनभने आफ्ना छोराछोरीहरू सत्यतामा हिँड़िरहेका छन् भन्ने कुरा देखेर परमेश्वर खुशी हुनुहुन्छ। यसैकारण हामी उहाँका आज्ञाकारी सन्तान बन्ने प्रयास गरौं। यस्तो भए पनि हामी कति कुरामा चुक्दछौं। तब हामीले तुरुन्तै आफ्नो भूल मानिलिनुपर्छ। यसरी नै परमेश्वरसँग हाम्रो सँगति रहिरहन्छ। तर कुनै परिवारमा सबै नानीहरू आज्ञाकारी हुँदैनन्; त्यस्तै परमेश्वरको परिवारमा पनि छ। परमेश्वरका सबै छोराछोरीहरू आज्ञाकारी हुँदैनन्। पापलाई माया गर्ने वा पापसित हार्ने विश्वासीहरूलाई परमेश्वरले प्यारको साथ अनुशासन गर्नुहुन्छ। उहाँले हामीलाई तह लगाउनुहँदा कष्ट छ, तर अन्तमा त्यसको फल मीठो हुन्छ। यसकारण हामी यस खण्डबाट अनुशासनको उद्देश्य बुझ्ने कोशिश गर्छौं।

**हिब्रू १२:७** - जब परमेश्वरले हामीलाई अनुशासन गर्नुहुन्छ, तब उहाँले हामीसित छोराछोरीहरूसँग जस्तो व्यवहार गर्नुहुन्छ। किनभने सांसारिक हिसाबले पनि यो कुरा सत्य हो। बुवाआमाले मात्र छोराछोरीलाई अनुशासन गर्छन्। फाल्टो मानिसले त्यो गर्दैन।

**हिब्रू १२:८** – परमेश्वरका सबै छोराछोरीहरूले ताड़ना पाउँछन्। यदि परमेश्वरले हामीलाई अनुशासन गर्नुहुन्न भने हामी उहाँका छोराछोरीहरूमध्येका होइनौं।

**हिब्रू १२:९** – हाम्रो शारीरिक बुवाले हामीलाई तह लगाउँथे, र हामीले उनकै डर राख्थ्यौं भने के हामी परमेश्वर पितालाई आदर गरेर उहाँको अधीनमा नबसौं? बस्ने हो भने हाम्रो लाभ हुन्छ।

**हिब्रू १२:१०** – हाम्रो शारीरिक बुवाले हामीलाई जस्तो उनलाई ठीक लाग्थ्यो, त्यस्तै अनुशासन गर्न खोजे। तर परमेश्वरले हाम्रो फाइदा खोजेर हामीलाई ताड़ना दिनुहुन्छ। हामी उहाँको पवित्र स्वभावको भागी होऔं भन्ने उद्देश्य लिएर परमेश्वर पिताले यो सुधारको काम गर्नुहुन्छ।

**हिब्रू १२:११** – अनुशासनको काम कष्टपूर्ण छ; यसैले जसले यो सहनुपर्छ, उसलाई खुशी लाग्दैन। तर जसले यस अभ्यासको फल देख्छ, उसले खुशीसाथ परमेश्वरको ताड़ना सहन्छ। किनभने पछिबाट यसले हाम्रो जीवनमा धार्मिकताको शान्तिमय फल पैदा गर्छ।

## ङ – फल नफलाउने हाँगा – यहूदा इस्करयोती

प्रभु येशूका बाह्र मुख्य चेलाहरू थिए। उनीहरूमध्ये यहूदा इस्करयोती एक फलहीन हाँगाझैं थियो। यहूदाको जीवनबाट परमेश्वरले हामीलाई एक गम्भीर शिक्षा दिन चाहनुहुन्छ। हामी ख्रीष्टको नकली चेला हुनुहुँदैन; नत्र हाम्रो अन्त डरलाग्दो हुनेछ। प्रभु येशूले त्यसलाई विनाशको पुत्रको नाम राख्नुभयो, र त्यो विनाशमा पुग्यो। यहूदाको जीवनको मुख्य बुँदाहरू यी थिए –

**मत्ती १०:४** – प्रभु येशूले त्यसलाई प्रेरित हुनको निम्ति चुन्नुभयो।

**यूहन्ना १२:४-६** – जब मरियमले प्रभुका पाउमा सुगन्धित तेल लगाइन्, तब त्यसले यत्रो बरबादी किन गरियो, बरु यसलाई बेचेर गरिबहरूलाई दिन ठीक हुनेथियो भन्दै गनगनायो। त्यसले गरिबहरूको वास्ता गरेकोले यो भनेन, तर त्यो चोर थियो; त्यो थैली बोक्थ्यो र त्यहाँबाट लैजानेगर्थ्यो।

**मत्ती २६:१४-१६** – पैसाको लोभी भएकोले त्यो गयो र तीस चाँदीको रुपियाँको दाममा आफ्नो प्रभुलाई विश्वासघात गरी दुष्टहरूको हातमा सुम्पने योजना बनायो।

**यूहन्ना १३:२** – प्रभुसित अन्तिम भोज गर्ने बेलामा पनि यहूदाले आफ्नो पापदेखि पश्चात्ताप गरेन, तर शैतानलाई आफ्नो हृदयमा ठाउँ दियो, जसले प्रभु येशूलाई पक्राइदिने विचार त्यसभित्र हाल्यो।

**लूका २२:३-६** – शैतानले त्यसभित्र प्रभुलाई पक्राइदिने विचार मात्र हालेन, तर आफै त्यसभित्र पस्यो भन्ने कुरा हामी पढ्छौं।

**मत्ती २६:२०-२५** – जब प्रभुले मसँग थालमा हात हाल्नेले मलाई पक्राउनेछ भनी भोजको समयमा भन्नुभयो, तब यहूदाले एकदम छल गर्‍यो र अरूले जस्तो के त्यो म हुँ भनी प्रभुलाई सोध्नुभयो। यस समयमा पाप मानिलिनु कति सजिलो हुनेथियो, तर त्यसले झन् पाप गर्‍यो। 'त्यो मान्छे नजन्मएको भए त्यसको निम्ति असल हुनेथियो' भन्ने प्रभुको गम्भीर वचनले त्यसको होश खोल्न सकेन, किनभने पापले त्यसको मन कठोर पारेको थियो। यसकारण समयमै हामीले आफ्नो पाप प्रभुको सामु स्वीकार गर्नुपर्छ, नत्र कहीं पश्चात्ताप गर्नको निम्ति कुनै बेला ढिलो पो हुँदो रहेछ भन्ने चेतावनी हामी यहूदाको जीवनबाट सिकौं।

**लूका २२:४७-५३**– बगैंचामा यहूदा एउटा भीड़को साथ आयो र चुम्बनद्वारा प्रभु येशूलाई पक्राइदियो। पापले त्यसका आँखालाई पूरा अन्धा पारिसक्यो। के यो कुरा तपाईंले बुझ्नुहुन्छ?

**मत्ती २७:३-१०** – अब प्रभुमाथि दण्डको आज्ञा आइपरेको देख्दा बल्ल यहूदा पछुतायो। तर परमेश्वरकहाँ फर्किनुको सट्टामा त्यो धर्मगुरुहरूकहाँ जान्छ। तर तिनीहरूले त्यसलाई सहायता गर्न चाहेनन, त्यसलाई आफ्नो समस्यमा एकलै छोड़े। किनभने तिनीहरू आफै दुष्ट थिए। यस्तो निराशको अवस्थामा यहूदाले आत्महत्या गर्‍यो। त्यसको अन्तलाई विचार गरौं र शिक्षा पाऔं। फल नफलाउने हाँगाझैं त्यो बाहिर फ्याँकियो र नाश भयो।

**यूहन्ना ६:७०-७१** – प्रभु येशूले यहूदाको मन अघि नै जान्नुहुन्थ्यो भन्ने कुरा पढ्छौं र अचम्म मान्छौं। प्रभुले यहूदा इस्करयोतीलाई कति समयसम्म सहनुभयो।

**यूहन्ना १७:१२** – तर प्रभुले त्यसलाई विनाशको पुत्रको नाम दिनुभयो; किनभने त्यसलाई बाहेक प्रभुले आफ्ना चेलाहरूमध्ये कसैलाई हराउनुभएन। अनि आजको दिनसम्म आफ्ना चेलाहरूमा कुनै एउटा साँचो चेलालाई हराउनुभएकै छैन। यूहन्ना १०:२७-३० पढ्नुहोस् र यो कुरा बुझिलिनुहोस्।

**प्रेरित १:१६-२५** – यहूदा आफ्ना अपराधले गर्दा नष्ट भयो। त्यसले परमेश्वरको सामु कहिल्यै साँचो गरी पश्चात्ताप गरेन। न शुरुमा न अन्तमा हामी यहूदाको पश्चात्तापको बारेमा पढ्छौं।

## च – फल फलाउने हाँगा – सिमोन पत्रुस

सिमोन पत्रुस पनि बाह्रजना प्रेरितहरूमध्येका थिए। प्रभु येशूको बोलावट पाएर उनी उहाँको पछि लाग्यो। पत्रुसले प्रभु येशूमाथि विश्वास गरे र यसको गवाही दिएका थिए। जीवित परमेश्वरको चिन्ने ज्ञान उनले पाए तापनि उनी एक कमजोर मानिस थिए। उनले प्रभु येशूलाई क्रूसमा मर्नुदेखि रोक्न चाहे; किनभने उनले परमेश्वरको मुक्तिको योजना बुझेका थिएनन्। आफ्नो प्रभुबाट सेवा लिन उनलाई गाह्रो पर्‍यो र आफ्ना पाउ धुन दिएनन्; किनकि उनले त्यतिखेर प्रभुले के गर्दै हुनुहुन्छ, सो बुझेनन्। आफ्नो जोशमा 'म तपाईंको निम्ति मर्न तयार छु' भनी उनले साहससित भने। थोरै समयपछि उनी परीक्षामा परे र तरवार चलाएर एकजनाको कान काटिदिए। फेरि एकक्षणपछि उनले प्रभु येशूलाई तीनपल्ट इन्कार गरे। होशमा आएपछि उनले प्रभुको वचनलाई सम्झे र धुरुधुरु रोए। प्रभु मर्नुभएपछि निराश भएर उनी आफ्नो पुरानो पेसातिर फर्के। पत्रुसले आफूलाई राम्ररी चिन्दैनथे। उनले आफ्नो शारीरिक शक्ति र आफ्नो बुद्धिमा भर पर्थे; यसैले उनी पापको परीक्षामा परे र शैतानलाई मौका दिए। शैतानले उनलाई गहुँजस्तो निफन्न खोज्यो; तर परमेश्वरलाई धन्यवाद होस्! प्रभु येशूले पत्रुसको निम्ति उनको विश्वास नटुटोस् भनेर प्रार्थना गर्नुभयो। प्रभुले आफ्नो प्यारा चेलालाई छोड्नुभएन। यी सबै अनुभवहरूद्वारा परमेश्वरले पत्रुसलाई अनुशासन गर्नुभयो। पछिबाट पत्रुस आगोद्वारा खरिएझैं यी अनुभवहरूबाट निस्के र परमेश्वरको लागि एक काममा आउने सफा भाँड़ा भए। पत्रुस प्रभु येशूका चेलाहरूका निम्ति एक मुख्य अगुवा र आफ्नो प्रभुको निम्ति एक विश्वासयोग्य शहीद बने। जीवनभिर नै उनले प्रभु येशूलाई सेवा र भक्ति चढ़ाए। यसरी नै पत्रुसको जीवन एक फल फलाउने हाँगा बन्यो। यसकारण यी उदहारणहरूबाट तपाईंलाई परमेश्वरको वचनको शिक्षा स्पष्ट भयो होला। पत्रुसको जीवनको विषयमा मुख्य पदहरू तल दिइएका छन्। यी पदहरू पढ्न नभुल्नुहोस्। धन्यवाद।

(मत्ती ४:१८-१९, मत्ति १०:२, मत्ती १६:१६-१८, मत्ती १६:२१-२३, यूहन्ना ६:६८, यूहन्ना १३:६-९, लूका २२:३१-३४, लूका २२:३४-६२, यूहन्ना १८:१०, यूहन्ना २१:१-७, यूहन्ना २१:१५-१९, २ पत्रुस १:१२-१५)

**प्रार्थनाः** ***'हे प्रभु येशू, म तपाईंमा सधैं रहन पाऊँ। तपाईंको साँचो चेला भएर म मेरो जीवनभरि नै तपाईंको महिमाको निम्ति फल फलाउन चाहन्छु। यसैले म आफूलाई तपाईंको हातमा अर्पण गर्छु। मलाई पत्रुसलाई जस्तै अनुशासन गर्नुहोस्, मलाई खार्नुहोस्, तर मलाई कहिल्यै नत्यागनुहोस्। धन्यवाद। आमेन।'***

# नेपाली बाइबल करेस्पण्डेन्स इन्सटिट्यूट

## चेला बनाओ!

### बाइबल शिक्षाक्र म – उत्तर पृष्ठ

**तपाईंको पूरा ठेगाना:** (अंग्रेजीमा लेखे पनि हुन्छ)

श्री/सुश्री/श्रीमति ......................................................................................

गा॰वि॰स॰/ग्रा॰पं॰: ................................................ वार्ड नं॰: ........................

हुलाक/पो॰ आ॰ : ................................ जिल्ला: ............................................

अञ्चल/प्रदेश: ............................................ देश: ......................................

**रजिष्टर नं॰:** ........................

# पाठ ८

## प्रभुमा हामी कसरी रहिरहनुपर्छ?

प्रभु येशूमाथि विश्वास गरेर उहाँलाई ग्रहण गर्नु राम्रो कुरा हो, तर परमेश्वरको वचनबाट हामीले उहाँमा रहिरहनुपर्छ भन्ने शिक्षा पाएका छौं। विश्वासीको जीवन एउटा रूखसित तुलना गरिएको हामीले थाह गर्‍यौं। कुनै फलको रूख न एक दिनमा ठूलो हुन्छ, न एकै दिनमा फल फलाउन थाल्छ। तर रूखहरू बिस्तारै बढ्छन् र केही वर्षपछि फल फलाउन थाल्छन्। रूख ठूलो र धैरै फल फलाएको देख्दा हामीले एउटा कुरा बिर्सनुहुँदैन। त्यस रूखको जरा राम्रो नभएको भए त्यो बढ्न र फल फलाउन सक्नेथिएन। त्यसरी नै हाम्रो विश्वासको जरा हाम्रा प्रभु येशूमा गहिरो र दृढ़ भएर हालिएको भए हाम्रो विश्वासबाट परमेश्वरको महिमा हुन्छ। प्रभु येशूले हामीलाई यसैको निम्ति चुन्नुभयो। हामी गएर उहाँको नाममा धैरै फल फलाउनुपर्छ। प्रभु येशूका आज्ञाहरू पालन गरेर हामी सबै मानिसहरूलाई उहाँका सच्चा चेलाहरू हौं भन्ने प्रमाण दिन्छौं। तर हाय त्यस मानिसलाई, जो प्रभुको नकली चेला मात्र हुन्छ र प्रभुसित नजिकै टाँसिँदैन। अन्तमा त्यो फलहीन हाँगाझैं आगोभित्र फ्याँकिन्छ। परमेश्वरको चेतावनी स्वीकार गरेर हामी पापदेखि साँचो गरी पश्चात्ताप गरौं। फल फलाउने हाँगा बनी परमेश्वरको अनुशासनको अधीनमा रहेर हामी जीवनभरि नै परमेश्वरको महिमा गरौं।

## क – विश्वासको जरा

**१) कलस्सी २:६ – क) के प्रभु येशूलाई ग्रहण गर्न मात्र पुग्छ?** ........................................

**ख) होइन भने अरू के गर्नुपर्छ त?** ..................................................................

२ ) कलस्सी २:७ - क ) कहिले हामी विश्वासमा स्थिर वा बलियो हुन्छौं? ..............................

.....................................................................................................................

३ ) लूका ८:१३ - जसमा विश्वासको जरा छैन, उसको विषयमा वचनले के भन्दछ? ..............

.....................................................................................................................

४ ) मत्ती ३:७-१० - क ) बन्चारो कसको जरामा राखिसकेको छ? .......................................

..............................................................................................

ख ) कुन रूख प्रभुले काट्नुहुन्छ र आगोभित्र फाल्नुहुन्छ? .............................................

.............................................................................................................

५ ) यर्मिया १७:४-८ - क ) श्रापित व्यक्ति को हो? ..........................................................

..........................................................................................

ख ) कसको जीवन एउटा फल दिने रूखसित तुलना गरिएको छ? ..................................

.......................................................................................................................

६ ) भजनसंग्रह १:१ - क ) धन्य को हो? उसले के-के गर्दैन?

अ ) .......................................................................................................

आ ) .......................................................................................................

इ ) .......................................................................................................

ख ) भजनसंग्रह १:२ - आशिष पाउने मानिसले के-के गर्दछ?

अ ) ...................................................................................................

आ ) ...................................................................................................

७ ) हिब्रू ३:१२-१४ - क ) कुन कुरा हुनदेखि हामी होशियार रहनुपर्छ? .................................

.............................................................................................

ख ) पापले हामीलाई छल गर्‍यो भने हामीलाई के हुनेछ? ...............................................

................................................................................................................

ग ) हामीले एक-अर्कोलाई कठोर हुनदेखि जोगाउनलाई के गर्न सक्छौं? ..........................

.......................................................................................................................

घ ) कहिलेसम्म हामीले विश्वासलाई बलियो गरी पक्रिराख्नुपर्छ? ...................................

## ख – प्रभु येशूसित मेरो सम्बन्ध

१) यूहन्ना १५:१-२ फल फलाउने र फल नफलाउने हाँगामा तपाईं के भिन्नता पाउनुहुन्छ? .........

.......................................................................................................................

२) यूहन्ना १५:४ – क) हामी हाँगा हौं भने हामीलाई के आज्ञा दिइएको छ? ..........................

.......................................................................................

ख) यो आज्ञा हामीलाई किन दिइएको छ? ..........................................................

.......................................................................................................

३) यूहन्ना १५:५-६ – क) को धेरै फल फलाउँछ? ........................................................

....................................................................................

ख) प्रभुमा नरहने मानिसको के दशा हुनेछ? .......................................................

......................................................................................................

४) यूहन्ना १५:७ – प्रभुमा रहने व्यक्तिलाई के प्रतिज्ञा गरिएको छ? ....................................

.........................................................................................................................

५) यूहन्ना १५:८ – परमेश्वरको महिमा हामीबाट कहिले हुन्छ? .......................................

.........................................................................................................................

६) यूहन्ना १५:८-१० – प्रभुको प्रेममा रहनुको मतलब के हो? .........................................

.........................................................................................................................

७) यूहन्ना १५:१६ – प्रभु येशूले हामीलाई किन चुन्नुभयो? ...............................................

.........................................................................................................................

८) यूहन्ना १५:१७ – यसैले हाम्रो निम्ति प्रभु येशूको आज्ञा के हो? ....................................

.........................................................................................................................

## ग – अविश्वासीहरूसँगको मेरो सम्बन्ध

१) २ कोरिन्थी ६:१४ – यो पद कण्ठस्थ गरी तल लेख्नुहोस्।

.........................................................................................................................

.........................................................................................................................

२) २ कोरिन्थी ६:१४-१८ – क) अधर्मसँग तपाईंको सँगति कस्तो हुनुपर्छ? ..........................

.........................................................................................................................

ख) अन्धकारसँग तपाईंको सहभागिता के हो? ..........................................................

........................................................................................................................

ग) निकम्मा मानिससँग तपाईंको एकता छ? ..........................................................

........................................................................................................................

घ) अविश्वासीसँग तपाईंको केही हिस्सा छ? ..........................................................

........................................................................................................................

ङ) मूर्तिहरूसँग तपाईंको सम्बन्ध कस्तो छ? ..........................................................

........................................................................................................................

२) २ कोरिन्थी ६:१७ मा हामीलाई के आज्ञा दिइएको छ? ..................................................

........................................................................................................................

## घ - प्रभुको अनुशासन

१) हितोपदेश ३:११-१२ - क) प्रभुको अनुशासनलाई हामीले के गर्नुहुँदैन? ........................

........................................................................................................................

ख) प्रभुको हप्की पाउँदा हामी के हुनुहुँदैन? ..........................................................

२) हिब्रू १२:५-११ - क) प्रभुको अनुशासनमा को पर्छ? ..................................................

ख) अनुशासन कस्तो चिन्ह हो? ..........................................................................

ग) अनुशासनमा पर्दा के गरेदेखि यसबाट हामीलाई लाभ हुन्छ? ......................................

........................................................................................................................

३) हिब्रू १२:१० - अनुशासनको मुख्य उद्देश्य के हो? ..................................................

४) हिब्रू १२:११ - प्रभुबाटको अनुशासन सह्यौं भने यसमा के फाइदा छ? ...........................

........................................................................................................................

## ङ - फल नफलाउने हाँगा - यहूदा इस्करयोती

क) यहूदा इस्कयोतीबाट तपाईंले के चेतावनी पाउनुभएको छ? ............................................

........................................................................................................................

ख) सिमोन पत्रुसबाट तपाईंले के सान्त्वना पाउनुभएको छ? ..............................................

........................................................................................................................